# भजनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भजनी, कैलाली

सुदुरपश्चिम प्रदेश, नेपाल

प.स. :- (प्रसाशन )२०७७/०७८

च.न. :-

## कर्मचारी आवश्यकता सम्बन्धि सूचना ।

### (प्रथम पटक प्रकाशित मिति:- २०७७/११/१६)

उपरोक्त सम्बन्धमा भूमिहीन दलित,भूमिहीन सुकुम्बासी र अव्यस्थित बसोबासीको पहिचान, लगत सङ्कलन, प्रमाणीकरण तथा नाप नक्सा लगायतका कार्य गर्न यस भजनी नगरपालिकामा रहने इकाइमा तथा यस भजनी नगरपालिकाको कार्यालयमा आवश्यक तपशिल बमोजिमका कर्मचारीहरु करार सेवा बाट पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपालीलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमको विवरण सहित यस कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक भजनिको खाता नं. ४१५०१००३०१०१०००२ मा राजश्व तिरेको सक्कलै भौचर वा यस कार्यालयको राजश्व शाखामा परीक्षा दस्तुर तिरेको सक्कलै रसिद सहित यस कार्यालयमा दरखास्त दिनहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**क) भूमिहीन सुकुम्बासी र अव्यबस्थित बसोबासीको लगत सङ्कलन इकाईका लागि :-**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या | दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ११/०७७/०७८ | सर्भेक्षक | पाँचौं | ३(तिन) | रु.४०० | |
| २. | १२/०७७/०७८ | अमिन | चौथो | ३(तिन) | रु.४००/- | |
| ३. | १३/०७७/०७८ | लगत प्रविष्ट कर्ता | चौथो | ३ (तिन) | रु. ४००/- | |
| ४. | १४/०७७/०७८ | तथ्यांक सङ्कलक कर्ता | चौथो | ५ (पाँच) | रु. ४००/- | |
| ५. | १५/०७७/०७८ | फिल्ड सहयोगी | श्रेणी बिहिन | ३(तिन) | रु.१००/- | |

**ख)भजनी नगरपालिका नगर कार्यपालिकाको कार्यालयको लागि :-**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या | दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | १६/०७७/०७८ | चौकीदार | श्रेणी बिहिन | २ (दुई) | रु.१००/- | |
| २. | १७/०७७/०७८ | कार्यालय सहयोगी (पत्रबाहक) | श्रेणी बिहिन | १ (एक) | रु.१००/- | |
| ३. | १८/०७७/०७८ | कार्यालय सहयोगी | श्रेणी बिहिन | २(दुई) | रु.१००/- | |
| ४. | १९/०७७/०७८ | माली | श्रेणी बिहिन | १(एक) | रु.१००/- | |

निमित्त प्रमुख प्रशासकीय अधिकृत

१) आवश्यक न्युनतम शैक्षिक योग्यता :-

**(क)सर्भेक्षक पदका लागि** :-मान्यता प्राप्त शिक्षणसंस्था बाट गणित बिषय लिई एस.एल.सि वा सो सरह उत्तीर्ण गरि **Survey** वा **Geomatics Engineering** विषयमा ३ बर्षे प्रबिणता प्रमाणपत्र तह सरहको डिप्लोमा उत्तीर्ण वा बिज्ञान(फिजिकल समूह) वा भूगोल विषय लिई प्रमाणपत्र तह उत्तीर्ण गरि कम्तिमा १ वर्षको जुनियर तालिम प्राप्त गरेको हुनुपर्ने छ ।

**(ख) अमिन पदका लागि** :- मान्यता प्राप्त शिक्षणसंस्था बाट गणित बिषय लिई एस.एल.सि वा सो सरह उत्तीर्ण गरि **Survey** वा **Geomatics Engineering** विषयमा १ बर्षे जुनियर नापी तालिम प्राप्त गरेको वा १८ महिने **Pre-Diploma in Survey Engineering** बिषय उत्तीर्ण गरेको हुनुपर्ने छ ।

**(ग) लगत प्रविष्ट कर्ता पदका लागि** :- मान्यता प्राप्त शिक्षणसंस्था बाट एस.एल.सि./ एस.इ.इ. सो सरह उत्तीर्ण गरि कम्तिमा ६ महिना कम्प्युटर तालिम प्राप्त भाएको ।

**(घ) तथ्यांक सङ्कलन कर्ता पदका लागि** :- मान्यता प्राप्त शिक्षणसंस्था बाट एस.एल.सि./ एस.इ.इ. वा सो सरह उत्तीर्ण भएको ।

**(ङ) फिल्ड सहयोगी पदका लागि** :- मान्यता प्राप्त शिक्षणसंस्था बाट कम्तिमा कक्षा ८ उत्तीर्ण भएको हुनुपर्ने छ ।

**(च) चौकीदार पदका लागि** :- मान्यता प्राप्त शिक्षणसंस्था बाट कम्तिमा कक्षा ८ उत्तीर्ण भएको हुनुपर्ने छ ।

**(छ) कार्यालय सहयोगी (पत्रबाहक)**:- मान्यता प्राप्त शिक्षणसंस्था बाट कम्तिमा कक्षा ८ उत्तीर्ण भएको हुनुपर्ने छ र मोटरसाइकलको सवारी चालक अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने ।

**(ज) कार्यालय सहयोगी पदका लागि** :- मान्यता प्राप्त शिक्षणसंस्था बाट कम्तिमा कक्षा ८ उत्तीर्ण भएको हुनुपर्ने छ ।

**(झ) माली पदका लागि** :- मान्यता प्राप्त शिक्षणसंस्था बाट कम्तिमा कक्षा ८ उत्तीर्ण भएको हुनुपर्ने छ ।

**नोट :- ग्रेडिङ प्रणाली लागू भए पश्चात् एस.एल.सी. वा सो सरह परीक्षा उत्तीर्ण गर्ने उम्मेदवारहरुको हकमा GPA 2 वा सोभन्दा माथिको ग्रेड प्वाइण्ट प्राप्त गरेकोलाई न्यूनतम योग्यता पूरा भएको मानिनेछ ।**

२)आवेदन साथ संलग्न कागजातहरु :-

- न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
- अनुभवको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
- आबेदन शुल्क तिरेको सक्कल भौचर वा कार्यालयमा जम्मा गरेको नगदी रसिद ।
- कार्यालय सहयोगी (पत्रबाहक)पदका लागि दरखास्त दिने उम्मेदवारले मोटरसाइकलको सवारी चालक अनुमति पत्रको प्रमाणित प्रतिलिपि ।

३)उमेरको हद :- १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको हुनुपर्ने । महिला र अपाङ्ग उम्मेदवारहरुको हकमा १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको हुनुपर्ने ।

४)करार अवधि :- २०७८ साल असाढमसान्त सम्म हुनेछ । आवश्यकता अनुसार थप गर्न सकिने ।

५) परीक्षाको किसिम :- छोटो सूची प्रकाशन, लिखित परिक्षा र अन्तर्वार्ता । लगत प्रविष्ट कर्ता पदका उम्मेदवारका लागि थप कम्प्युटर सिप परिक्षण सम्बन्धि प्रयोगात्मक परिक्षा पनि हुनेछ ।

६) सेवा शर्त र सुविधा :- भजनी नगरपालिकाको निर्णयानुसार हुनेछ ।

६) दरखास्त बुझाउने अन्तिम मिति :- २०७७/१२/०१ को कार्यालय समय भित्र ।

दरखास्त बुझाउने अन्तिम दिन सार्बजनिक बिदा परेमा सो को लगत्तै भोलिपल्टको कार्यालय समय सम्म दरखास्त बुझाउन सकिने छ ।

**नोट:- आबेदनको ढाँचा र पाठ्यक्रम यस नगरपालिकाको वेब साइट www.bhajanimun.gov.np मा गई Download गर्न सकिने छ ।**

भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

(हरिराम चौधरी)
निमित्त प्रमुख प्रशासकीय अधिकृत

**निमित्त प्रमुख प्रशासकीय अधिकृत**